www.pradeshdaily.com


म.जि.प्र.का.दर्ता नं.-११५

# प्रदेश

Pradesh National Daily

राष्ट्रिय दैनिक

वर्ष: १४, अङ्क:-१५१, २०८२ पुष २२ गते मंगलबार (Tuesday, 6 Jan 2026), पृष्ठ-४, मूल्य रू.३/-



प्रो. प्रेमरत्न शाक्य
सम्पर्क नम्बर: ९८०४२३१०००
०५७५२०४३१
०५७५२५४३१

हामी कहाँ रेडिमेट गहना पाउनुको साथै अर्डर बमोजिम गहना बनाइन्छ।

शाक्य प्लाजामा पसल, अफिस, ट्युसन सेन्टर, वित्तीय संस्थाको लागि कोठा भाडामा समेत रहेको छ ।

पूर्ण शाक्य एण्ड ब्रदर्श
कान्तिराजपथ, हेटौंडा-२

# भीमफेदी सुमो दुर्घटनाका ६ मध्ये ५ जनाको सनाखत

♦ *प्रदेश दैनिक*

हेटौंडा/मकवानपुरको भीमफेदी गाउँपालिका ६ जुरीखेतमा आइतबार साँझपख भएको सुमो दुर्घटनामा मृत्यु भएका ६ जनामध्ये ५ जनाको सनाखत भएको छ ।

घटनाको भएको २४ घण्टा बितिसक्दा पनि प्रहरीले अझै एकजनाको सनाखत गर्न सकेको छैन । यस्तै कुन कम्पनीको सुमो दुर्घटना भएको भन्ने बारेमा समेत जानकारी दिन सकेको छैन । दुर्घटनामा परेर मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका ४ बस्ने ४० वर्षीया सविता लम्साल, हेटौंडा २ का २९ वर्षीय निखिल अग्रवाल, हेटौंडा १० भुटनदेवी टोल बस्ने ५६ वर्षका कृष्णप्रसाद फुयाँल, भारतको बिहार पटनाका ४२ वर्षीय र जनीस कुमार र ४९ वर्षीय अरविन्द कुमारको सनाखत भएको प्रहरीले जनाएको छ । मृतक एकजनाको अझै पहिचान हुन सकेको छैन । पहिचान हुन नसकेका मृत पुरुष रहेको प्रहरीले जनाएको छ । उनीहरुमध्ये केहीको शव हेटौंडा अस्पतालमा रहेको छ भने केहीको शव आफन्तले बुझेका छन् ।



दुर्घटनामा तीनजना घाइते भएका छन् । घाइते हुनेमा हेटौंडा ४ बस्दै आएका सुमो चालक गणेश थापा, मृतक सविताका १२ वर्षीय छोरा अभ्यास लम्साल र रौतहटको चन्द्रपुर २ का २१ वर्षीया रिचा चौधरी रहेका छन् । चालक थापा र बालक लम्साललाई थप उपचारका लागि चितवन पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुस्कर बोगटीले जानकारी दिए । चौधरीको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना. १ ज १७७८ नम्बरको सुमो सडकबाट करिब एकसय मिटर तल खोल्सामा खस्दा दुर्घटना भएको थियो । उक्त स्थानमा यसअघि पनि ३ वटा हलुका सवारी साधन दुर्घटना भैसकेको छ । वैदेशिक रोजगार बोर्डका प्रमुख थानेश्वर देवकोटासहित चढेको गाडी तीन वर्षअघि उक्त स्थानमा दुर्घटना हुँदा देवकोटासहित २ जनाको मृत्यु भएको थियो । काठमाडौंतर्फवाट आउँदा ओरालो पर्ने भएकाले गाडीमा ब्रेक नलागेर यस स्थानमा दुर्घटना हुने गरेको प्रहरीले जनाएको छ ।

दुर्घटना भएको २४ घण्टा बढी समय भैसक्दा पनि अझै एकजना मृतकको सनाखत नहुनु र कुन कम्पनीको सुमो दुर्घटना भएको भन्ने बारेमा प्रहरीले आधिकारिक जानकारी दिन नसक्नु मकवानपुर प्रहरीको लाचारीपन भएको भन्दै चौतर्फी आलोचना भैरहेको छ । प्रहरीले यस्ता घटनालाई गम्भीरतापूर्वक नलिएको आम सर्वसाधारणको गुनासो रहेको छ ।

# प्राविधिक र रोजमागरमुलक शिक्षालाई जोड दिनुपर्छ : बानियाँ

♦ *प्रदेश दैनिक*

हेटौंडा/बामगती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले अब प्राविधिक र रोजगारमुलक शिक्षालाई जोड दिनुपर्ने धारणा राखेका छन् ।

प्राविधिक शिक्षा आजको आवश्यकता भएको औँल्याउँदै उनले शिक्षालाई प्रविधिसँग जोड्दै आयमुलक बनाउनुपर्नेमा जोड दिए । मकवानपुरको मनहरी गाउँपालिका २ मा रहेको सीता माध्यमिक विद्यालयको सोमबार भएको स्वर्ण जयन्ती कार्यक्रमको उद्घाटन गर्दै उनले विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा स्थापित गर्दै लैजानुपर्ने बताए । प्रविधि र आयमुलक नभएमा केवल बेरोजगार उत्पादन गर्ने शिक्षा मात्र हुने उनको भनाई थियो । 'अब भौतिक पूर्वाधार मात्रै होइन, गुणस्तरीय शिक्षा आवश्यक छ', उनले भने, 'पढ्दै कमाउँदै गर्न सक्ने शिक्षा प्रदान गराउन प्रदेश सरकारले पनि योजनाबद्ध काम गरिरहेको छ ।'

शिक्षालाई आधुनिकीकरण गर्दै एआईसँग जोड्दै सक्षम नागरिक उत्पादन गर्नुपर्ने उनको धारणा थियो । मुख्यमन्त्री बानियाँले मनहरी २ नम्बर वडाको विकासका लागि आवश्यक पूर्वाधार विकासमा पनि प्रदेश सरकारले बजेट विनियोजन गर्ने प्रतिवद्धता जनाए । २ नम्बर वडास्थित भिमानमा २२ परिवार अत्यन्त विकट क्षेत्रमा बसोबास गरिरहेको भन्दै सुरक्षित र सुविधायुक्त स्थानमा बस्ती स्थानान्तरण गर्नेतर्फ ध्यानाकर्षण भएको उनको भनाई थियो । बस्ती स्थानान्तरणका लागि उपयुक्त स्थान र बजेटको प्रबन्धको विषयमा गाउँपालिका र प्रदेश सरकारले अध्ययन गर्ने बानियाँले प्रतिवद्धता जनाए । मनहरी २ र ३ जोड्ने खोलामा बेलिब्रिजको आवश्यकता रहेको भनी स्थानीयले गुनासो गरेको भन्दै उनले उक्त पुल निर्माणमा प्रदेश सरकारले बजेट व्यवस्थापन गर्ने प्रतिवद्धता जनाए । जनमुखी, आयमुखी, गरिबमुखी, विकासमुखी र गाउँमुखी काम गर्न आफू प्रतिवद्ध रहेको उनको भनाई थियो ।




विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजकुमार थिङको अध्यक्षतामा भएको स्वर्ण महोत्सव उद्घाटनमा मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेती, २ नम्बर वडा अध्यक्ष राजकुमार पाख्रिन, ३ नम्बर वडा अध्यक्ष अनन्तप्रकाश अर्याल, १ नम्बर अध्यक्ष शिवप्रसाद खनाल, ९ नम्बर वडाध्यक्ष राजकुमार श्रेष्ठ, मनहरी गाउँपालिका शिक्षा शाखा प्रमुख प्रदीप पराजुली, स्रोत शिक्षक विदुर थापा, स्थानीय समाजसेवी राम घलान, एकराज पुरी, विद्यालयका संस्थापक अध्यक्ष बौद्धजीत गोङ्बा, निर्मल बहुमुखी क्याम्पस प्रमुख प्रबोध बिडारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा विद्यालयका संस्थापक अध्यक्ष बौद्धजीत गोङ्बालाई सम्मान गरिएको थियो भने पहिलो चेपाङ गायक रविन चेपाङ र कलाकार इमान लामाले गायनमार्फत मनोरञ्जन दिलाएका थिए ।

स्वर्ण महोत्सवका कार्यक्रम ३ दिन सञ्चालन हुनेछ ।

## निर्वाचनमा सहभागी बनौं।

⇨आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो ।
⇨निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो ।
⇨मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
⇨स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
⇨निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने ।
⇨मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने ।
⇨लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने ।
⇨जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने** :
मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरू:**
१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा । २. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा । ४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा । १४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनुसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यादिश सम्बन्धमा । १९. बिबिध ।

(**नोट:** २०८१ सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीहरुलाई पुरस्कृत गरिने हुदा मिति २०८२/०९/१५ गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित (सचिव)
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, पल्पसा रोड । फोन नं. ०५७-५२४९१६, ५२५९१७

फोन नं. ०५७-५९१३०८, ९८४५०७७३२५

## अन्नपूर्ण खाद्य भण्डार प्रा.लि.

हेटौंडा-२ कान्तिराजपथ




दाना, अण्डा, चामल, सम्पूर्ण खाद्य समाग्रीको थोक तथा खुद्रा बिक्रेता

# सम्पादकीय

## जोखिमपूर्ण यात्रा

मकवानपुरको भीमफेदी गाउँपालिका ६ जुरिखेतमा आइतबार साँझ भएको सुमो दुर्घटनाले फेरि एकपटक मकवानपुरको सडक सुरक्षाको दयनीय अवस्थालाई उजागर गरेको छ । सडकबाट करिब १०० मिटर तल खोल्सामा खसेको सुमो दुर्घटनामा ६ जनाले ज्यान गुमाएका छन् भने ३ जना घाइते भएका छन् । यो घटना मात्र होइन, यस्ता दुर्घटना हाम्रो दैनिकी बनिसकेको छ, जुन अत्यन्त चिन्ताजनक छ ।

दुर्घटनामा पर्नेहरुको सनाखत पनि प्रहरीले दोस्रो दिन मात्रै गर्‍यो । सुमो काउन्टरहरुले आफ्नो जिम्मेबारी र यात्रुको सामान्य परिचय समेत नलिई यात्रा गराउँदाको परिणाम हो । नेपालमा प्रत्येक दिन कतै न कतै सवारी दुर्घटना हुन्छ र निर्दोष नागरिकहरु असामयिक मृत्युको मुखमा पर्छन् । तर यी दुर्घटना कुनै प्राकृतिक प्रकोप होइनन्, यी मानवीय लापरवाही, संरचनागत कमजोरी र प्रशासनिक उदासीनताको परिणाम हुन् । भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्ड पहाडी क्षेत्रमा पर्ने अत्यन्त संवेदनशील मार्ग हो । यस्तो मार्गमा सडकको मापदण्ड, सुरक्षा उपाय र नियमित मर्मत अत्यावश्यक छ । तर वास्तविकता के छ ? संकीर्ण सडक, बिग्रिएको सडकको सतह, सुरक्षा रेलिङको अभाव र चालकहरुको लापरवाहीले यस्ता दुर्घटनालाई निम्तो दिइरहेका छन् । दुर्घटनाको मूल कारणहरु खोज्दा केही प्रमुख समस्या देखिन्छन् । सडक पूर्वाधारको गुणस्तर हीनताका कारण धेरै सडकहरु निर्माणको समयमा नै मापदण्डविहीन हुन्छन् । सवारी साधनहरुको सर्भिसिङ गरिएको हुँदैन । चालकहरुको असुरक्षित र जोखिमपूर्ण ड्राइभिङ र ट्राफिक नियम कार्यान्वयनमा खुकुलोपनका कारण यात्रुहरुले जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । सरकार र सम्बन्धित निकायहरुले यस विषयमा गम्भीरता देखाउनुपर्छ । पहाडी सडकमा अनिवार्य रुपमा सुरक्षा रेलिङ राख्नुपर्छ । चालकहरुलाई नियमित तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । सवारीको नियमित फिटनेस जाँच र मर्मत अनिवार्य बनाउनुपर्छ । ट्राफिक नियमहरुको कडाइका साथ पालना गराउनुपर्छ । र सबैभन्दा महत्वपूर्ण, सडक निर्माणमा गुणस्तर र मापदण्ड सुनिश्चित गर्नुपर्छ ।

यस्ता दुर्घटनाहरु फेरी पनि दोहोरिन नदिन सबैको ध्यान जान जरुरी छ । सडक सुरक्षा सबैको साझा जिम्मेवारी हो । सरकार, सवारी चालक, सडक निर्माणकर्ता र आम नागरिक सबैले आ-आफ्नो भूमिका निभाएर मात्र हामी सुरक्षित सडकको सपना साकार पार्न सक्छौं । बाटोमा हिँड्नु, सवारी चढ्नु र यात्रा गर्नु कसैको जीवनको अन्तिम यात्रा हुनु हुँदैन । सडक सुरक्षाको अवस्था सुधार गर्ने अहिले मात्र होइन, सँधै आवश्यक छ ।

### जरुरी टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५११ |
| वडा प्रहरी: | ५२०३११ |
| पशुपतिनगर इलाका: | ५२०५१८ |
| पालुङ इलाका: | ६२०८६७ |
| मनहरी इलाका: | ६२१०११ |
| फापरबारी इलाका: | ६२११८० |
| भीमफेदी इलाका: | ६२११६२ |
| कारागार: | ५२०६७७/१०१ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०६११ |
| पदमपोखरी एम्बुलेन्स: | ९८४५०८६२३१ |
| बसामाडी एम्बुलेन्स: | ९८४५०१११४२ |
| हेटौंडा अस्पताल: | ५२०३०४ |
| परिवार नियोजन संघ: | ५२०६८४ |
| मनहरी रेडक्रस: | ९८४५०४५०२१ |
| छतिवन रेडक्रस: | ९८४५०२००४० |
| भीमफेदी रेडक्रस: | ६२०६११ |
| पालुङ रेडक्रस: | ९८१४२०७६०१ |
| बज्रबराही रेडक्रस: | ९८४५०२१७८ |
| सिविल कल हेल्पलाइन: | १०९८ |

### आजको राशीफल

| | |
|---|---|
| मेष : | डर चिन्ता |
| वृष : | धन लाभ |
| मिथुन : | खर्च बढ्ने |
| कर्कट: | अपव्यय |
| सिंह : | मित्र भेट |
| कन्या : | प्रेममा सफलता |
| तुला : | सन्तान सुख |
| वृश्चिक : | पढाईमा रुची |
| धनु : | समयले साथ दिने |
| मकर : | व्यवसायमा लाभ |
| कुम्भ : | शत्रु नाश |
| मीन : | धार्मिक रुची |

*तपाईको आजको दिन शुभ रहोस् ॥*

# 'पुराना सबै खराब' भाष्यको अन्तर्य



सन्जिब हुमागाई

हुमागाई त्रिभुवन विश्वविद्यालय एवं नेपाल खुल्ला विश्वविद्यालयमा राजनीतिशास्त्र एवं अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्त प्राध्यापन गर्छन्।

समानुपातिकको बन्दसूचीले नेपाली राजनीतिमा फेरि अर्को हलचल ल्याएको छ । भाषा र आलोचना गर्न खोजिएका पात्रहरू फरक होलान् तर सारमा अहिलेको तातोतातो छलफल मूलत: पाँच तर्कको आसपासमा छ ।

पहिलो, समानुपातिक प्रणालीको दुरुपयोगले निरन्तरता पायो । दोस्रो, यो मामिलामा नयाँ र पुराना दलमा तात्विक अन्तर देखिएन । तेस्रो, सुधारको पक्षमा उभिने अपेक्षा गरिएका नयाँ दलहरूको यस्तो व्यवहारले निराशा थपेको छ । चौथो, यो देशमा जुन अवस्था र दल आए पनि तरमारा वर्गको हालीमुहाली सधैं रहने रहेछ । पाँचौं, सबै राजनीतिक दलका नेताहरू आर्थिक रूपमा सम्पन्न वर्गहरूले घेरिएका छन् । यी सबै तर्कभित्र राजनीति र त्यसमा पनि राजनीतिमा लामो समयदेखि रहेका पात्रप्रतिको अविश्वास भरिएको छ । लामो सुस्केरा हाल्दै नागरिकहरूले भन्न सुरु गरेका छन्, 'नयाँ पनि, पुराना पनि उस्तै रहेछन् ।' फ्ल्याट्ट हेर्दा नयाँप्रतिको असन्तुष्टि पोखिएको जस्तो देखिए पनि पुराना सबै खराब छन् भन्ने नेपाली राजनीतिमा स्थापना गर्न खोजिएको भाष्य फेरि एक पटक उजागर भएको छ । नागरिकस्तरमा लामो समयदेखि यस्तो संवाद हुँदै आएको भए पनि यो भाष्यको अर्थ, इंगित गर्न खोजिएका पात्रको परिभाषा र समाधानका बारेमा भने ठोस कदम चाल्न सकिएको देखिँदैन ।

### एकमुष्ट 'संस्थापन वा मूलधार' को अन्त्य

कुनै पनि समाजमा संस्थापन वा मूलधार रहन्छन् र त्यसमा असहमति राख्नेहरू पनि हुन्छन् । खासमा उनीहरूबीच शक्ति सन्तुलनमा परिवर्तन आउँदा राजनीतिक परिवर्तन हुन्छ । यो तथ्य उदारवादीदेखि मार्क्सवादीसम्म सबैले स्वीकार गरेका छन् । मार्क्सले सन् १८४८ मा लेख्नुभएको कम्युनिस्ट मेनिफेस्टोको अंग्रेजी अनुवादको ३१ पेजमा प्रस्टसँग भन्नुभएको छ, 'विश्वभर सामन्ती समाज ढल्दै गर्दा र त्यसको सर्वत्र उत्साह फैलिए पनि श्रमिक वर्ग पूर्ण रूपमा परिपक्व हुन र उनीहरूको मुक्तिको आर्थिक अवस्था सिर्जना हुन नसक्नुका कारण श्रमिक वर्गले अपेक्षित नतिजा हासिल गर्न सकेनन् र पुँजीपतिहरूको युगको उदय भयो ।' अर्थात् सामन्तीहरूबाट पुँजीपतिहरू मूलधार भए र श्रमिकहरू अझै पनि मूलधार बाहिरै रहे ।

सामान्यतया देशको प्रशासन, कानुन, अर्थतन्त्र तथा धार्मिक क्षेत्र आदिका उच्च तहमा रहेका व्यक्तिहरूमध्ये राज्यका प्रमुख निर्णयमा निर्णायक भूमिका खेल्ने व्यक्तिहरूलाई संस्थापन वा मूलधार भन्ने गरिन्छ । नेपालको हकमा राजनीतिक दलभित्रको शक्ति समूहलाई संस्थापन र इतर भनेर वर्गीकरण गर्ने गरिन्छ । सिंगो देशको बारेमा यस्तो वर्गीकरण गरेर हेर्ने प्रचलन छैन । हरेक देशमा राजनीतिक विकासक्रमअनुसार संस्थापन वा मूलधारमा फरक पात्रहरू रहन्छन् । परिवर्तन हुन्छन् । जस्तै नेपालभन्दा फरक रूपमा बंगलादेश र पाकिस्तानमा सेना लामो समयदेखि राजनीतिको मूलधारमा रहेको छ । दक्षिण कोरियामा सोल राष्ट्रिय विश्वविद्यालयसहित तीन-चार विश्वविद्यालय अध्ययन गरेका व्यक्तिहरूको निर्णायक भूमिका रहन्छ । साथै, कोरियाली आधुनिक इतिहासमा एकाधबाहेक सबै राष्ट्रपतिहरू दक्षिणपूर्वी योंगनाम क्षेत्रका रहेकाले सो क्षेत्रका राजनीतिज्ञलाई मूलधार मान्ने गरिन्छ ।

त्रनेपाली राजनीति आज व्याप्त 'पुराना सबै खराब' छन् भन्ने भाष्यभित्र हिजोका सबै पात्रहरू एकै संस्थापन वा मूलधार हुन् भन्ने गहन भाव लुकेको छ । अर्थात् त्यहाँ निर्णायक प्रतिपक्षी थिएनन् । सो समस्या राजनीतिमा मात्रै होइन, समाज र अर्थतन्त्रमा व्याप्त थियो । यहाँ कुनै जैविक, पेसा वा वर्गलाई निर्धारण गरेर चित्रित गर्नुभन्दा पनि निश्चित मूल्य, मान्यता र संस्कारलाई स्वीकार गर्ने सबैलाई मूलधार वा संस्थापनका रूपमा व्याख्या हुन्छ । त्यसभित्र कोही कसैले असन्तुष्ट रहँदा-रहँदै पनि अप्रत्यक्ष लाभको लोभमा स्वीकार गरेको छ भने पनि ऊ मूलधार वा संस्थापन नै रहन्छ । अर्थात् उनीहरूको संस्कृति र सञ्जाललाई नै मूलधारका रूपमा चित्रित गरिएको छ । उनीहरू सबैलाई खराब चित्रित गरिन्छ । अहिले प्रचलनमा रहेको 'झोले' को प्रयोग यसको ज्वलन्त उदाहरण हो ।

२०४६ सालमा बहुदलीय व्यवस्था पुन:स्थापना भएपछि सत्तामा पुगेका राजनीतिक दलहरू, त्यसमा पनि सत्तामा पुग्न आनो विचार वा आदर्शलाई बिर्सेर जस्तोसुकै राजनीतिक सम्झौताका लागि तयार भएका राजनीतिक दलहरू, उनीहरूको आडमा पद र अवसर पाएका व्यक्तिहरू, त्यही संरचनाबाट धन कमाएका समूह र त्यसैका कारण समाजमा ख्याति प्राप्त गरेका सबै पात्रहरूलाई 'हिजोको संस्थापन' का रूपमा हेर्ने दृष्टिकोण यहाँ लुकेको छ । यस्ता पात्रहरू बाहिरबाट हेर्दा प्रतिस्पर्धामा रहेको जस्तो देखिए पनि उनीहरूबीच सधैं साँठगाँठ हुने गरेको र कुनै पनि अवसर उनीहरू भन्दा बाहिर जान नदिने अनुदार संस्कार व्याप्त रहेको चित्रित गर्ने गरिन्छ । यस्ता समूहहरूमा हिजोको ब्याज मात्र खोज्ने मनोविज्ञान, पक्षपाती 'डीएनए' र साँघुरो घेराभित्र सीमित रहने बानी रहेको भनेर आलोचना गर्ने गरिएको छ । मूलधारा आनै फाइदामा केन्द्रित रहेकाले समाज, राजनीति एवं अर्थतन्त्रमा नयाँ मुद्दाहरू जस्तै जलवायु परिवर्तन, डिजिटल अर्थतन्त्र आदिमा ध्यान दिन नसक्ने तर्क गरिन्छ । यस्तो अवस्थाले समाज, अर्थतन्त्र र राजनीतिमा अस्वस्थ प्रतिस्पर्धा व्याप्त रहेकाले सीमित व्यक्ति वा समूहले मात्रै फाइदा लुट्ने संरचना नै बनेको छ ।

पुराना सबै खराब भन्ने भाष्यलाई शल्यक्रिया गर्न सकिन्छ । पहिलो, २०४६ पछि नेपाली राजनीतिमा विधि, पद्धति, कानुनभन्दा पनि माथि रहेको जसरी व्यवहार गर्ने व्यक्तिहरूको हालीमुहाली र ह्यो । उनीहरू नै नेपाली राजनीतिका मूलधार रहे । दोस्रो, उनीहरूसँगको साँठगाँठमा समाजमा पनि यो प्रवृत्ति सर्‍यो । यसले प्राय: सबै सार्वजनिक संस्था र कालान्तरमा गैरसरकारी संस्थाको प्रभावकारितामा समस्या सिर्जना गर्‍यो । तेस्रो, यसले मूलभूत रूपमा समाज, राजनीति र अर्थतन्त्रमा 'योग्यता' को मानकको धज्जी उडाउने काम गर्‍यो । चौथो, खासमा जो-जसले यस्तो असमान एवं अनुचित व्यवस्थालाई स्वीकार गर्दछ, उसले मात्रै फाइदा प्राप्त गर्ने संरचना बन्यो र यसको विरोध गर्नेहरूमाथि चौतर्फी आक्रमण र निषेध भयो ।

पाँचौं, यस्तो अवस्थाले सिंगो राज्य सञ्चालनमा प्रशासनिक, सांस्कृतिक, मनोवैज्ञानिक हरेक तवरले नकारात्मक प्रभाव पर्‍यो । छैटौं, यसरी नेपालमा एउटा बलियो तर गैरलोकतान्त्रिक, गैरपारदर्शी एवं विधि पद्धतिलाई मिच्ने, व्यक्तिगत क्षमताभन्दा पनि साँठगाँठमा शक्तिको वरिपरि रहने संस्थापन वा मूलधारको विकास भयो र उनीहरू राज्यसत्तामा हुने वा नहुने कुराले खासै फरक नपर्ने अवस्थामा पुगे भन्ने यसका विरोधी वा संस्थापन विरोधीहरूको तर्क रहेको छ ।

### 'संस्थापन सबै खराब' भाष्यको विकासक्रम

जहर नेपाली राजनीति, सामाजिक एवं आर्थिक क्षेत्रमा केही आधार भूत समस्याहरू छन् वा होलान् । तर एकाध पात्र वा प्रवृत्तिलाई सिंगो राज्यको अवस्थाका रूपमा चित्रित गर्ने भाष्य स्थापित हुनु आफैंमा न सत्य हुन सक्छ, न शुभ संकेत नै । राज्यका महत्वपूर्ण अंगदेखि सामाजिक एवं आर्थिक क्षेत्रमा आदर्श र सेवामा निष्ठावान् पात्रहरूको कमी छैन । खासमा उनीहरूको त्यागबिना हाम्रा वरि परिका उपलब्धिहरू सम्भव छन् ? यो देशमा केही पनि भएन भन्ने भाष्य आफैंमा पनि सत्य होइन । कुनै पनि पदमा रहेका व्यक्तिहरू गलत प्रक्रियाबाट पदमा पुगेका हुन् र उनीहरूलाई अस्वीकार गर्नु नै देश र जनताको हितमा हुन्छ भन्ने तर्कलाई जबर्जस्ती स्थापित गर्न खोजियो भने देशको भविष्य के हुन्छ ?

एउटा ऐतिहासिक तथ्यलाई हेरौं । पृथ्वीनारायण शाहले काठमाडौं एकीकरणपश्चात् वसन्तपुर दरबारबाट राज्य सञ्चालन गरे । तर अघिल्लो शासन व्यवस्थाको राजाको सालिकलाई नभत्काईकन राखे । नागरि कबीच एकताका लागि अन्य धेरै सांस्कृतिक सम्पदाहरूलाई संरक्षण गरे, निरन्तरता दिए । अहिले हामी त्यो युगमा देखिएको उदारताभन्दा पनि पछाडि जान खोज्दै छौं कि भन्ने भान हुन्छ । राजनीतिमा कुनै पनि भाष्य निश्चित अन्तरक्रियाबाट समाजमा स्थापित हुन्छ । अर्थात् देशमा धेरै भाष्यहरू एकै पटक रहन्छन् । त्यहाँभित्रको शक्तिको अवस्थाले कुन भाष्य हावी हुने भन्ने निर्धारण गर्दछ । केही दशकअगाडि सम्म दलका नेतालाई आमन्त्रण गर्न तँछाडमछाड हुने हाम्रो देशमा अहिले 'झोले' भन्ने शब्द लोकप्रिय हुनु त्यसको उदाहरण हो । यस्तो अवस्थामा हाम्रो प्रश्न हुनुपर्छ 'कसरी वर्तमान नेपालमा पुराना सबैलाई एकमुष्ट मूलधार वा संस्थापनमा चित्रित गर्ने भाष्य निर्माण भयो ?'

हामी एउटा विषयमा प्रस्ट हुनु आवश्यक छ: यस्तो भाष्य 'पपुलिजम' व्याप्त रहेको देशमा सजिलै अनुभव गर्न सकिन्छ । 'पपुलिजम' लाई प्रश्रय दिने नेताले जहिले पनि जनता र मूलधारका नेताका बीचमा प्रस्ट भिन्नता रहेको देखाउँछन् । नागरिकहरू धेरै सोझा भएको र मूलधारका नेताहरू अति भ्रष्ट हुनु नै राजनीतिको प्रमुख समस्या भएको तर्क अगाडि सार्दै आफू मात्रै 'बिचरा' नागरि कलाई प्रतिनिधित्व गर्ने 'असल' पात्र भएको भरपूर विज्ञापन गर्छन् । साथै, अहिलेको विधि, विधान र व्यवस्था नै विकासका लागि बाधक रहेकाले आफूसँग त्यसलाई हटाउन सक्ने क्षमता रहेको अपिल गर्दछन् । यस्तो अवस्थामा राजनीतिक रूपमा सफल हुन हिजोको मूलधार वा खराब नेतृत्वमा धेरैभन्दा धेरै पात्र र समूहलाई समाहित गर्ने प्रयत्न गर्छन् । नेपालको अहिले व्याप्त 'पुराना सबै खराब' को भाष्यको विश्लेषण 'पपुलिजम' बाट टाढा गएर सम्भव छैन ।

कसरी नेपालमा यस्तो भाष्य स्थापित भयो ? यो २०४६ देखिको नेपाली राजनीतिको अभ्यासको नतिजा हो । पहिलो, २०४८ सालको आमनिर्वाचनदेखि देशमा कांग्रेस-कम्युनिस्ट बिम्बले जरा गाड्यो । कुनै राजनीतिक दललाई समर्थन गरेका आधारमा उसको नैतिकतामाथि नै प्रश्न उठाउने गलत राजनीतिक संस्कार सोही समयदेखि नेपालमा हुर्केको हो । दोस्रो, पहिचानको आन्दोलनको क्रममा समस्या समाधानउन्मुख भाषाभन्दा पनि घृणा सिर्जना गर्ने भाषाको प्रयोगले उच्च प्राथमिकता पायो । राजनीतिमा रहेको अविश्वास र घृणा समाजका कुना-कुनासम्म फैलियो । सो क्रमलाई रोक्न आज पनि निर्णायक कदम चालिएको छैन । तेस्रो, समानुपातिकको प्रणाली, निर्वाचनपूर्व गठबन्धन र निरन्तरको गठबन्धन परिवर्तनको राजनीतिले राजनीतिक दल र उनीहरूका समर्थकहरूका बारेमा तमाम प्रश्नहरू उत्पन्न भए । चौथो, दलाल पुँजीवादमा हुने नै यस्तै हो भनेर अहिलेका समस्यालाई स्वाभाविक रूपमा चित्रित गर्ने अभ्यास पनि प्रचलित रह्यो । सुडान, भेनेजुएला, सोमालिया, कोरिया, जापान सबै देशमा पुँजीवाद छ तर त्यसको दलालवादी स्वरूपमा भने भिन्नता छ । हामी कहाँ छौं, कता जाँदै छौं भन्ने बहसले कहिले पनि प्राथमिकता पाउन सकेन ।

यस्तो निराशाजनक सामाजिक एवं राजनीतिक परिप्रेक्ष्यमा नेपालीहरूको वैदेशिक रोजगारीमा जाने संख्या निरन्तर उकालो लाग्दै गयो । सामाजिक सञ्जालको प्रयोगमा उच्च वृद्धि भयो । अर्को एउटा संयोग, हाम्रा नेपालीहरू धेरै अधिनायकवादी वा अधिनायकवादको युगमा आर्थिक वृद्धि गरेका देशमा पुग्नुभयो । सामाजिक सञ्जालमार्फत विदेशमा रहेका नेपालीहरू अप्रत्यक्ष राजनीतिक सहभागिता पनि बढ्यो । उनीहरूलाई आकर्षित गर्दा मात्रै स्थानीय रूपमा भोट सुनिश्चित हुने वा स्थानीय मतदाताको उम्मेदवार एवं दल छनोटमा उनीहरूको निर्णायक भूमिका हुने संरचना बन्यो । खासमा केही निश्चित दल र उनीहरूका नेताबीच कसरी त्यस्ता निर्णायक तर अप्रत्यक्ष रूपमा राजनीति संलग्न व्यक्तिलाई उत्तेजित बनाउन सकिन्छ भन्ने प्रतिस्पर्धा नै चल्यो । यसले नेपाली राजनीतिमा 'पपुलिजम' लाई संस्थागत गर्‍यो । यसै सिलसिलामा 'पुराना सबै खराब' हुन् भन्ने भाष्य जबर्जस्त बन्यो । र, अहिले थप एक नयाँ प्रकृतिको समस्या थपिएको छ: पुस्तागत । निश्चित उमेर समूहका नागरिकले अर्को उमेर समूहलाई अविश्वास गर्ने भाषाको प्रयोगमा वृद्धि भएको छ । यसले हिजोदेखि अभ्यासमा रहेको 'पपुलिजम' लाई मलजल गर्ने मात्र होइन, समाज र राजनीतिमा प्रतिस्पर्धाको स्वरूपमा नै परिवर्तन ल्याएको छ ।

यस अर्थमा नेपालमा अहिले व्याप्त राजनीतिक भाष्यलाई कुनै निश्चित पात्रहरूको प्रतिस्पर्धा वा नियोजित रूपमा मात्रै हेरियो भने त्रुटिपूर्ण हुन्छ । राजनीतिको सिंगो विश्लेषणको अवसर गुमाउँछौं । निर्वाचनको अवधिलाई हाम्रो राजनीतिको सर्वाङ्गीण सुधारको छलफलको अवसरका रूपमा सदुपयोग गर्नुपर्छ । अर्थात्, यसलाई लामो समयदेखि नेपाली राजनीतिमा व्याप्त 'पपुलिजम' को अन्त्यको अवसरका रूपमा प्रयोग गर्नुपर्छ ।

### समाधान नै छैन ?

यस्तो अवस्था कुनै पनि दृष्टिकोणबाट सुखद होइन । सबै खराब भन्ने भाष्यले देशभित्र द्वन्द्व र अविश्वासको वातावरणलाई मलजल गर्दछ । हामीसँग समाधान गर्नुपर्ने दुई-तीन दशकदेखिका आधारभूत समस्याहरूको चाङ छ । त्यसका लागि राष्ट्रिय एकता अपरिहार्य छ । सामाजिक, आर्थिक एवं राजनीतिक बहुआयामिक कारणले सिर्जित एवं संस्थागत भएका भाष्यहरूलाई अवसान गर्ने मोडल निर्माण नै मुलुकको पहिलो र साझा आवश्यकता हो ।

राजनीतिक दलहरूले समानुपातिकको बन्दसूची निर्वाचन आयोगमा बुझाउने सिलसिलामा हामीले गहन अनुभूति गरेका छौं । यहाँ जोकोही पनि, जुनै पनि समय 'खराब पुरानो' हुन सक्छ । यो भाष्य र राजनीतिक संस्कार महँगो हुन्छ भन्ने तथ्यको स्वीकारोक्ति नै अहिलेको अवस्थाको सुधारको प्रस्थानबिन्दु हो । त्यसो भनिरहँदा, हिजो सबै ठीकै थियो राजनीतिक रूपमा स्थापित भाष्य मात्र गलत थियो भन्ने बलमिच्याइँ पनि गर्नु हुँदैन । हिजो राज्यसत्ता नागरिकका समस्या पहिचान गर्न, उपयुक्त नीति एवं विधिको पालना गर्न चुकेकै हो । यो देशमा दैनिक ७ जनाको दरले सडक दुर्घटनामा ज्यान जान्छ । विगत १० वर्षमा यो संख्या घटेको छैन, कुनै-कुनै वर्षमा वृद्धि भएको छ । यस्ता धेरै सूचक, जसले नागरिकको दैनिक जीवन मात्रै होइन, समग्र मनोविज्ञानमा नकारात्मक प्रभाव पर्दछ, त्यसका बारेमा राज्य र सरोकारवाला सजग रहेको, समाधानका लागि सक्रिय रहेको देखाउँदै नागरिकको विश्वास जित्नु नै अहिलेको गम्भीर विश्वासको संकट मोचनको उपयुक्त विकल्प हो ।

साथै, राजनीति, समाज र अर्थतन्त्र निगरानीमा छ र कसैले राम्रो गर्दा पुरस्कृत हुने र नराम्रो गर्दा दण्डित हुने प्रणालीको विकास र कार्यान्वयनमा हामीले देखाउने तत्परताले नै आगामी दिनमा सबै खराब छन् भन्ने भाष्यको निरन्तरता वा अवसान निर्धारण गर्नेछ । यस अर्थमा, राजनीतिक दल र पात्रहरूका निर्वाचनका प्रतिबद्धताहरू उनीहरूले सामाजिक, राजनीतिक एवं आर्थिक समस्याका जराहरूलाई कत्तिको बुझेका रहेछन् भन्ने परीक्षा पनि हो । *इकान्तिपुरबाट*

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०९/२२ (प्रदेश राष्ट्रिय दैनिक)

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रुपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरुपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिंदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन-२०८१ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८१ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

## ऋणी तथा एकल/धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण :

### शाखा कार्यालय : कोल्हवी, बारा

१.ऋणीको नाम : त्रिभुवन बैठा, पिता/पतिको नाम : अनुप बैठा, बाजे/ससुराको नाम : रामदेव बैठा धोबी, स्थायी ठेगाना : टैग्राहा-६, रौतहट, ना.प्र.नं. : ३२३०३३-१४७, कर्जाको शीर्षक : ब्यक्तिगत
१.धनजमानीको नाम : सन्तोष कुमार बैठा, पिता/पतिको नाम : रामेश्वर बैठा धोबी, स्थायी ठेगाना : फतुहा बिजयपुर-८, रौतहट, ना.प्र.नं. : ३२-०२-७६-०२०४१
२.धनजमानीको नाम : कान्ती देवी, पिता/पतिको नाम : त्रिभुवन बैठा, बाजे/ससुराको नाम : अनुप बैठा, स्थायी ठेगाना : फतुहा बिजयपुर-३, रौतहट, ना.प्र.नं. : ३२-०१-७८-०६९०४
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : सुनरपतिया देवी, जग्गाको ठेगाना : टेग्राहा-६, रौतहट, कित्ता नं. : ७७४, जग्गाको क्षेत्रफल : ०-१-९-०-४९१ व.मी.)

२.ऋणीको नाम : दिपेन्द्र मुखिया, पिता/पतिको नाम : राम किसुन मुखिया, बाजे/ससुराको नाम : लालजी मुखिया, स्थायी ठेगाना : प्रतापपुर पलटुवा-९, रौतहट, ना.प्र.नं. : ३२३०६१/५३५, कर्जाको शीर्षक : ब्यक्तिगत
१.धनजमानीको नाम : तेज नारायण मुखिया, पिता/पतिको नाम : रामकिसुन मुखिया, बाजे/ससुराको नाम : लालजी मुखिया, स्थायी ठेगाना : गुजरा-७, रौतहट, ना.प्र.नं. : ३२-०२-७९-०१०३१
२.धनजमानीको नाम : सुबोध मुखिया, पिता/पतिको नाम : रामकिसुन मुखिया, बाजे/ससुराको नाम : लालजी मुखिया, स्थायी ठेगाना : गुजरा-७, रौतहट, ना.प्र.नं. : ३२-०२-७४-०४७४१
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : लालजी मुखिया विन, जग्गाको ठेगाना : प्रतापपुर पलटुवा-९, रौतहट, कित्ता नं. : ८९१, ९०५, जग्गाको क्षेत्रफल : ०-३-१२-८, ०-०-१३-०-१२२५.८७, २२०.१२ व.मी.)

३.ऋणीको नाम : मुर्ती देवी यादव, पिता/पतिको नाम : चन्दन कुमार यादव, बाजे/ससुराको नाम : राम सोगारथ राय यादव, स्थायी ठेगाना : फतुवा बिजयपुर-१, रौतहट, ना.प्र.नं. : ३२-०१-७६-११६३३, कर्जाको शीर्षक : ब्यक्तिगत
१.धनजमानीको नाम : नन्द किशोर राय, पिता/पतिको नाम : बाल कुमार, बाजे/ससुराको नाम : बच्चु राय यादव, स्थायी ठेगाना : सितलपुर बैरगनिया-५, रौतहट, ना.प्र.नं. : ३२१०५६-४८६३
२.धनजमानीको नाम : चन्दन कुमार यादव, पिता/पतिको नाम : राम सोगारथ राय यादव, बाजे/ससुराको नाम : रामबिलास राय यादव, स्थायी ठेगाना : सि.बै-५, रौतहट, ना.प्र.नं. : ३२१०५६/३९५७
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : मुर्ती देवी यादव, जग्गाको ठेगाना : सन्तपुर दो-७, रौतहट, कित्ता नं. : ५३२, जग्गाको क्षेत्रफल : ०-२-५-०

४.ऋणीको नाम : गनिलाल राय यादव, पिता/पतिको नाम : भरोस राय यादव, बाजे/ससुराको नाम : प्रित राय यादव, स्थायी ठेगाना : भसेढवा-८, रौतहट, ना.प्र.नं. : ३९१२, कर्जाको शीर्षक : ब्यक्तिगत
१.धनजमानीको नाम : मनोज प्र. यादव, पिता/पतिको नाम : जोत नारायण राय यादव, स्थायी ठेगाना : भसेढवा-७, रौतहट, ना.प्र.नं. : ३२३०६४/११८७
२.धनजमानीको नाम : सुनिता कुमारी, पिता/पतिको नाम : गनिलाल राय यादव, स्थायी ठेगाना : भसेढवा-८, रौतहट, ना.प्र.नं. : ३२३०६४/८९
३.धनजमानीको नाम : राजेश्वर साह बनिया, पिता/पतिको नाम : गणेश साह बनिया, बाजे/ससुराको नाम : रघुनन्दन साह, स्थायी ठेगाना : भसेढवा-८, रौतहट, ना.प्र.नं. : १७०७
धितोमा रहेको जग्गाको ठेगाना :
जग्गाधनीको नाम : भरोस राय यादव, जग्गाको ठेगाना : भसेडवा-७, रौतहट, कित्ता नं. : ३५५, जग्गाको क्षेत्रफल : ०-५-१०-० -१८६२.५० व.मी.)

५.ऋणीको नाम : शेख अब्वास, पिता/पतिको नाम : शेख इसामहमद, बाजे/ससुराको नाम : शेख नसिब, स्थायी ठेगाना : प्रतापपुर पलटुवा-९, रौतहट, ना.प्र.नं. : ४७६७, कर्जाको शीर्षक : ब्यक्तिगत
१.धनजमानीको नाम : तालबुन खातुन, पिता/पतिको नाम : शेख अब्वास, बाजे/ससुराको नाम : शेख इसामहमद, स्थायी ठेगाना : प्र.पल्टुवा-९, रौतहट, ना.प्र.नं. : ३२३०६१/३२७
२.धनजमानीको नाम : शेख अबदुलका, पिता/पतिको नाम : शेख ऐनुल, बाजे/ससुराको नाम : शेख जुमाई, स्थायी ठेगाना : प्रतापपुरपलटुवा-८, रौतहट, ना.प्र.नं. : ४७४६
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : शेख अब्वास, जग्गाको ठेगाना : प्रतापपुर पलटुवा-९, रौतहट, कित्ता नं. : ४५१, जग्गाको क्षेत्रफल : ०-१-०-० -३३८.६४ व.मी.)

६.ऋणीको नाम : माया देवी माझी, पिता/पतिको नाम : राजकुमार माझी, बाजे/ससुराको नाम : रोएन माझी, स्थायी ठेगाना : सिहासनी-६, बारा, ना.प्र.नं. : ३३३०२३/११६५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : राजकुमार माझी, पिता/पतिको नाम : रोएन माझी, स्थायी ठेगाना : सिहासनी-६, बारा, ना.प्र.नं. : २१९२८

७.ऋणीको नाम : गायत्री देवी साह, पिता/पतिको नाम : शम्भु प्रसाद साह कानु, बाजे/ससुराको नाम : ठागा साह कानु, स्थायी ठेगाना : लक्ष्मिनिया-दो)-१, रौतहट, ना.प्र.नं. : ३२२०५५/१५, कर्जाको शीर्षक : आशा उद्यमशिलता
१.धनजमानीको नाम : शम्भु प्रसाद साह कानु पिता/पतिको नाम : ठागा साह कानु, बाजे/ससुराको नाम : लखन साह कानु, स्थायी ठेगाना : प्रेमपुर गोनाही-४, रौतहट, ना.प्र.नं. : १४२७
२.धनजमानीको नाम : राजेन्द्र साह कानु, पिता/पतिको नाम : ठागा साह कानु, बाजे/ससुराको नाम : लखन साह कानु, स्थायी ठेगाना : प्रेमपुरगोनाही-४, रौतहट, ना.प्र.नं. : १८४७
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : सुनैना देवी, जग्गाको ठेगाना : लक्ष्मिनिया-१, रौतहट, कित्ता नं. : ५६८, २५४, जग्गाको क्षेत्रफल : ०-०-१३-०, ०-७-०-० -२२०.१२, २३७०.४८ व.मी.)

८.ऋणीको नाम : समसेर अंसारी, पिता/पतिको नाम : जोखुमिया अंसारी, बाजे/ससुराको नाम : मुद्या मिया अंसारी, स्थायी ठेगाना : गडहल-७, बारा, ना.प्र.नं. : ३३३०३४/१०४, कर्जाको शीर्षक : ब्यक्तिगत
१.धनजमानीको नाम : दिलसेर अंसारी, पिता/पतिको नाम : जोखुमिया अंसारी, बाजे/ससुराको नाम : मुद्या मिया अंसारी, स्थायी ठेगाना : गडहल-७, बारा, ना.प्र.नं. : ३३३०३४/२१९
२.धनजमानीको नाम : जोवैद्या नेसा, पिता/पतिको नाम : ईसलाम मिया, बाजे/ससुराको नाम : मुद्या मिया अंसारी, स्थायी ठेगाना : बारागढी-६, बारा, ना.प्र.नं. : ३३-०१-७५-०२५४४
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : समसेर अंसारी, जग्गाको ठेगाना : गडहल-६, बारा, कित्ता नं. : ५१८, जग्गाको क्षेत्रफल : ०-२-०-० -६७७.२६ व.मी.)

